स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ६, संख्याः७, माघ २९ गते, २०७९ साल**


## भाग-१

## सरुमारानी गाउँपालिका

# सरुमारानी गाउँपालिका को प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

स्वीकृत मितिः २०७९।१०।२९

प्रमाणिकरण मितिः२०७९।११।२

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सरुमारानी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यो ऐनको नाम सरुमारानी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ रहेको छ ।

(२) यो बिधेयक सरुमारानी गाउँपालिकाको क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले सरुमारानी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सरुमारानी गाउँपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले सरुमारानी गाउँपालिका सम्झनु पर्छ ।

(घ)  “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(च)  “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**<u>३. नियम बनाउने अधिकारः</u>**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त सरुमारानी गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही सरुमारानी गाउँपालिकाको कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

प्रमाणिकरण मितिः२०७९/११/२